म.जि. प्र. का. द.नं. : १०६/०६८, | वर्ष १४ | अंक २५३ | शुक्रबार, १२ बैशाख २०८२ | ने. सं. ११४५ चौलागा | 25 April 2025 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## वाईसियलको जिल्ला सम्मेलन सर्‍यो, वैशाख २२ गते हुने

हेटौंडा, ११ बैशाख/नेकपा (माओवादी केन्द्र) को सहायक संगठन योङ कम्युनिष्ट लिग (वाईसियल) नेपाल मकवानपुरको पाँचौ जिल्ला सम्मेलन सरेको छ ।

यसअघि वैशाख १३ गते हेटौंडामा हुने भनिएको सम्मेलन वैशाख २२ गते हुने भएको छ । विविध कारणले गर्दा सम्मेलन सरेको वाईसियल मकवानपुरका सचिव मुक्ति लामाले बताए । जिल्ला सम्मेलनको तयारी तीब्र भईरहेको र सम्मेलनमा ३ सय भन्दा बढी प्रतिनिधिको सहभागिता रहने वाईसियल मकवानपुरका सचिव लामाले जानकारी दिए ।

सम्मेलनले आगामी कार्यकालको लागि ११ जना पदाधिकारी सहित ७१ सदस्यीय जिल्ला कार्यसमिति चयन गर्नेछ ।

### बागमती प्रदेशको आयब्यय सन्तोषजनक देखिएन

# ९ महिनामा ३२.५१ प्रतिशत खर्च, लक्ष्यको ४३ प्रतिशत राजश्व संकलन

साझाकुरा संवाददाता

हेटौंडा, ११ बैशाख/ चालु आर्थिक वर्ष सकिन ३ महिना मात्र बाँकी रहँदा पनि बागमती प्रदेश सरकारको खर्चको अवस्था निराशाजनक देखिएको छ ।

पछिल्लो ९ महिनाको अवधिमा प्रदेश सरकारले विनियोजित बजेटको ३२ दशमलब ५१ प्रतिशत मात्रै खर्च गरेको छ । प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयका अनुसार चालु आर्थिक वर्षको लागि विनियोजित कुल ६४ अर्ब ५४ करोड चार लाख बजेटमध्ये ३२ दशमलब ५१ प्रतिशत अर्थात् २० अर्ब ९८ करोड १४ लाख मात्रै खर्च भएको हो । आर्थिक वर्ष सकिन तीन महिना बाँकी हुँदा प्रदेश सरकारले पुँजीगत खर्चतर्फ कुल बजेटको २८ दशमलब २४ प्रतिशत मात्रै खर्च गरेको छ ।

यस्तै, चालूसहित प्रदेशको कुलखर्च जम्मा ३२ दशमलब ५१ प्रतिशत पुगेको छ । प्रदेश सरकारले चालू आर्थिक वर्षका लागि चालूतर्फ २५ अर्ब ९४ करोड ९१ लाख ८२ हजार, पुँजीगततर्फ ३७ अर्ब नौ करोड १२ लाख ४९ हजार र वित्तीय व्यवस्थातर्फ एक अर्ब ५० करोड विनियोजन गरेको थियो । गत आर्थिक वर्षमा ६२ अर्ब ७० करोड ९० लाख बजेट विनियोजन भएको बागमती प्रदेशले नौ महिनामा कुल बजेटको ३४ दशमलब ४२ प्रतिशत खर्च गरेको थियो । समग्र खर्चमा कमजोर देखिएको प्रदेश सरकारको पुँजीगतखर्च निराशाजनक छ ।

प्रदेश सरकारले पुँजीगत तर्फ विनियोजित बजेटको जम्मा २८ दशमलब २४ प्रतिशत अर्थात् १० अर्ब ४९ करोड ७१ हजार मात्रै खर्च गरेको छ । यस्तै, चालूतर्फ ४० दशमलब ५१ प्रतिशत अर्थात् १० अर्ब ४९ करोड ७५ लाख ५३ हजार रुपैयाँ खर्च भएको छ । १३ मन्त्रालयमा बजेट विनियोजन भएकोमा सबैभन्दा बढी स्वास्थ्य मन्त्रालयले ४३ दशमलब ४३ प्रतिशत र सबैभन्दा कम पर्यटन, उद्योग तथा संस्कृति मन्त्रालयले १६ दशमलब ४३ प्रतिशत बजेट खर्च गरेको देखिएको छ । यस्तै प्रदेश सरकारले वित्तीय व्यवस्था तथा सेयर लगानी र अर्थ विविध शीर्षकमा विनियोजन भएको बजेट खर्च शून्य छ ।



प्रदेश सरकारले चालु आर्थिक वर्ष वित्तीय व्यवस्था तथा सेयर लगानीमा एक अर्ब ५० करोड र अर्थ विविध शीर्षकमा ४ अर्ब ४७ लाख रुपैयाँ बजेट विनियोजन गरेको थियो । प्रदेशले चालु आर्थिक वर्षमा गतवर्षको अनुपातभन्दा कम खर्च हुने अनुमान गरेको छ । प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयका अनुसार गतवर्ष चैत मसान्तमा प्रदेश सरकारको ४४ प्रतिशत बजेट खर्च भएको थियो । चालु आर्थिक वर्षको सोही अवधिमा ३२ प्रतिशतमात्र खर्च भएको छ ।

आर्थिक मन्त्रालयका सचिव कृष्णप्रसाद मैनालीले पनि चालु आर्थिक वर्षको ३ महिना बाँकी हुँदा पनि बजेट खर्च अपेक्षा अनुसार नभएको बताए ।

मैनालीले भौतिक प्रगति भए पनि भुक्तानी हुन बाँकी भएका कारण वित्तीय प्रगति कम देखिएको हुनसक्ने बताए । विपद्का कारण पनि कतिपय कार्यान्वयनका चरणमा रहेका योजनामा क्षति पुऱ्याएकाले ती योजना सम्पन्न गर्न ढिलाइ हुँदा बजेट खर्च नदेखिएको सचिव मैनालीले जानकारी दिएका छन् । यद्यपि, चैत-वैशाख महिनामा सम्पन्न हुने योजनाको मूल्यांकनपछि भुक्तानी प्रक्रिया बढ्दा सोचेअनुरुप नभए पनि खर्चको दर बढ्ने उनले विश्वास व्यक्त गरे ।

प्रदेश सरकारको चैत मसान्तसम्मको राजश्व संकलनको दर पनि कमजोर देखिएको छ । संघीय सरकारबाट प्राप्त हुने अनुदान, राजस्व बाँडफाँट र आन्तरिक राजस्व संकलनबाट प्रदेश सरकारले कुल ६४ अर्ब ५४ करोड चार लाख ३१ हजार रुपैयाँ आम्दानी गर्ने लक्ष्य राखेको थियो । तर, ९ महिनासम्म आइपुग्दा प्रदेश सरकारले जम्मा ४३ प्रतिशत अर्थात् २७ अर्ब ९९ करोड ३८ लाख ९५ हजार रुपैयाँ आम्दानी गरेको छ । मन्त्रालयका अनुसार प्रदेश सरकारले संघीय सरकारबाट प्राप्त हुने समानीकरण, ससर्त, विशेष र समपूरक शीर्षकबाट ५३ दशमलब ६१ प्रतिशत अर्थात् आठ अर्ब ३४ करोड ९३ लाख ८० हजार अनुदान प्राप्त भएको छ ।

प्रदेशले चालू आवमा संघीय सरकारबाट १५ अर्ब ५७ करोड ५६ लाख अनुदान प्राप्त गर्ने अनुमान गरेको थियो । प्रदेश सरकारले राजस्व बाँडफाँटबाट चालू आवमा २९ अर्ब ५५ करोड ८९ लाख रुपैयाँ आम्दानी गर्ने अनुमान गरेकोमा चैत मसान्तसम्म ५६ दशमलब ६४ प्रतिशत अर्थात् १६ अर्ब ७४ करोड २० लाख ८६ हजार रुपैयाँ मात्रै प्राप्त भएको छ । प्रदेशको आन्तरिक स्रोतबाट चालू आवमा चार अर्ब ५३ करोड ८४ लाख ७९ हजार रुपैयाँ संकलन गर्ने लक्ष्य राखेकोमा यस अवधिमा ६० दशमलब २९ प्रतिशत अर्थात् दुई अर्ब ७३ करोड ६३ लाख ८० हजार रुपैयाँ प्राप्त भएको छ ।

यसैगरी, प्रदेश सरकारले बेरुजु तथा गतवर्षको नगद मौज्दातबाट १४ अर्ब ८६ करोड ७४ लाख ५१ हजार रुपैयाँ प्राप्त हुने अनुमान गरिएकोमा अहिलेसम्म जम्मा १ दशमलब १२ प्रतिशत अर्थात् १६ करोड ५८ लाख ४७ हजार रुपैयाँ मात्रै प्राप्त गरेको मन्त्रालयले जनाएको छ ।

## गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाको काम २० प्रतिशत सम्पन्न



साझाकुरा संवाददाता

हेटौंडा, ११ बैशाख/ चितवनमा निर्माणाधीन गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाको काम २० प्रतिशत सम्पन्न भएको छ ।

भरतपुर महानगर पालिका-१५ मा संघ सरकार र बागमती प्रदेश सरकारको सहकार्यमा भरतपुर महानगरपालिकाले रंगशाला निर्माण गरिरहेको छ । धुर्मस-सुन्तली फाउन्डेशनले काम गर्न नसकेपछि महानगरपालिकाले अपनत्व लिई काम अघि बढाएको थियो । हिमालयन कालिञ्चोक बिबिआर जेभीले बोलपत्र सकारेर काम गरिरहेको छ । महानगर पालिकाका डिभिजनल इन्जिनियर सन्तोष आचार्यका अनुसार चारवटा प्यारापिटमध्ये एउटाको ढलान सम्पन्न गरिएको छ । अर्को ढलानको तयारी भइरहेको छ । दुवै टावरको पहिलो तलाको ढलानको तयारी हुँदैछ ।

अहिले दैनिक एक सय ७० जनाभन्दा बढी कामदारले बिहान ८ बजेदेखि बेलुका ९ बजेसम्म काम गरिरहेका आचार्यले बताए । छड र सिमेन्ट सहज उपलब्धता नहुँदा काममा केही कठिनाइ भए पनि सामग्री जुटाएर काम भइरहेको उनको भनाइ छ । गएको साउनमा बिबिआर जेभीले रंगशालाको काम सुरु गरेको हो । विसं २०८३ पुस २२ गतेसम्ममा काम सम्पन्न गर्ने गरी कम्पनीले ७८ करोड ५० लाख ९१ हजार एक सय ८९ रुपैयाँमा ठेक्का पाएको हो ।

रंगशाला निर्माणका लागि संघीय सरकारले २५ करोड र प्रदेश सरकारले १० करोड रुपैयाँ उपलब्ध गराइसकेका छन् । प्रदेश सरकारले ७० प्रतिशत र संघीय सरकारले ३० प्रतिशत उपलब्ध गराउने सहमतिअनुसार रंगशालाको काम अघि बढेको हो । भरतपुर महानगरप्रमुख रेनु दाहालले सम्झौतानुसार तालिकामा काम भइरहेको बताइन् ।

## ५७ हजार पाँच सय क्याप्सुल ट्रामाडोल बरामद

साझाकुरा संवाददाता

हेटौंडा, ११ बैशाख/ मकवानपुर प्रहरीले ठूलो मात्रामा लागूऔषध ट्रामाडोलसहित दुईजनालाई पक्राउ गरेको छ । बिहीबार बिहान ९:३० बजेको समायमा प्रहरीचौकी रातोमाटेबाट खटिएको टोलीले हेटौंडा उपमहानगरपालिका-१५ स्थित रातोमाटे चेकपोष्टमा चेकजाँच गर्ने क्रममा बाराबाट हेटौंडातर्फ आइरहेको मधेश प्रदेश ०२-००१ च १४३८ नम्बरको योद्धा पिकअप गाडीबाट ५७ हजार पाँच सय क्याप्सुल ट्रामाडोल बरामद गरेको हो ।

गाडीको अगाडिको इञ्जिन भागमा लुकाइछिपाइ राखिएको अवस्थामा यो परिमाणमा लागूऔषध फेलापरेका मकवानपुर प्रहरी प्रमुख प्रहरीउपरीक्षक विश्वराज खड्काले जानकारी दिए । लागूऔषध हेटौंडाकै लागि ल्याइएको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीप्रमुख खड्काले बताए । पक्राउ पर्नेमा गाडीका चालक बारा पचरौता नगर पालिका-७ बेनौली निवासी २५ वर्षीय तीर्थलाल पासवान र सहचालक २३ वर्षका सुनिल पटेल रहेका छन् ।

पक्राउ परेका दुबैलाई जिल्ला अदालत मकवानपुरबाट ५ दिनको म्याद लिएर थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# पथलैया-हेटौंडा-भरतपुर सडक बिस्तार

पूर्वपश्चिम राजमार्गअन्तर्गत पथलैया-हेटौंडा-नारायणगढ सडकखण्ड बिस्तारको लागि सार्वजनिक सुनुवाइ गरिएको छ । यो सडक स्तरोन्नतिको प्रक्रिया अघि बढेसँगै वातावरणीय प्रभाव मूल्याङ्कन ईआईए प्रतिवेदनको सार्वजनिक सुनुवाइमा सहभागी हेटौंडाका प्रभावितहरुले बाइपास सडक निर्माण गर्न सुझाव दिएका छन् । सुनुवाइमा सहभागी २५ मिटर प्रभावित स्थानीयवासीले बजारको बीचभाग हुँदै सडक लैजान नमिल्ने बताएका थिए । बजार बीच क्षेत्रबाट मुख्य राजमार्ग बिस्तार गरिँदा व्यापारिक गतिविधि, जनजीवन र सहरी संरचनामा नकारात्मक असर पर्ने उनीहरुले चेतावनी दिएका छन् । उनीहरुले सडक स्तरोन्नति स्वागतयोग्य भए पनि त्यसले समुदायको हितविपरित जान नहुनेमा जोड दिएका थिए । मकवानपुरमा रहेको रेलमार्गको सम्भव्यता रहेको छ । पूर्वपश्चिम रेलमार्ग पनि हेटौंडा आसपास भएर जाने गरी सम्भाब्यता अध्ययन भइरहेको छ । बीरगंज भन्सार, आधा दर्जन सडक सञ्जाल, बस्ती विकास, औद्योगिक क्षेत्र लगायत संरचनाका कारण पनि मकवानपुरमा सडक सञ्जालको आवश्यकता छ ।

देशकै केन्द्रभागमा रहेको मकवानपुर पूर्वपश्चिम राजमार्ग, कान्तिलोकपथ, धरान-चतरा, काठमाडौं-निजगढ द्रुतमार्ग जस्ता ठूला सडक सञ्जाल रहेको र मयुरधाप औद्योगिक क्षेत्रको तयारी रहेकाले पूर्वपश्चिम राजमार्ग फराकिलो बनाउनुको बिकल्प छैन । सार्वजनिक सुनुवाइ कार्यक्रममा हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले विकासका काममा नगरलाई अनिर्णयको बन्दी नबनाउन आग्रह गरिन् । मानवताको हिसाबले कसैलाई अन्याय नपर्ने गरी काम गर्ने उनको भनाई थियो । प्रभावितको सही तथ्यांक ल्याउन सडक विभाग आयोजना निर्देशनालय एडिबिलाई उनले आग्रह गरिन् । स्थानीयको भावना र सुझावलाई मनन गर्दै अदालतले गरेको फैसलाअनुसार कार्यान्वयनमा जाने नगरप्रमुख लामाले बताइन् । नेपालको पूर्बपश्चिम राजमार्ग 'एसियन हाइ-वे' अन्तरगत राखिएका कारण नेपाल सरकारले चाहेर पनि सडकको एलाइन्मेन्ट परिवर्तन गर्न नसकिने बताइएको छ । एसियाली विकास बैंक, वर्ल्ड बैंकले एसियन हाइ-वेको रुपमा नेपालको पूर्वपश्चिम राजमार्गलाई बिस्तार गर्न लागेको हो । यसका लागि राज्य जिम्मेवार बनेर जानुपर्ने हुन्छ । हेटौंडा बजारको दायाँबायाँ रहेका घरटहरालाई राज्यले प्रक्रियागत ढंगले उचित क्षतिपूर्ति दिएर सडक बिस्तार गर्नुको बिकल्प छैन । सडक स्तरोन्नतिका क्रममा कुल ६ सय ८८ वटा निजी संरचना प्रत्यक्ष प्रभावित हुने देखिएको छ । आयोजनाको प्रभाव क्षेत्रभित्र कुल एक सय ८० वटा सामुदायिक संरचना रहेका छन् । हेटौंडाको राप्तीदेखि कर्रा पुलसम्म २ सय ८५ घर, हेटौंडा बजारक्षेत्र बाहेकका दुई सय ५ घर र अन्य पालिकाभित्रका एक सय ९८ वटा घर प्रभावित हुने प्रतिवेदनमा उल्लेख छ । परियोजनाले पथलैयादेखि हेटौंडा हुँदै भरतपुरको गोन्द्राङसम्म कुल एक सय किलोमिटर सडक स्तरोन्नति गर्ने योजना रहेको बताएको छ । जसको विस्तृत डिजाइन तयार भइसकेको छ । ४ लेनको सडक सुदृढीकरणसँगै साइड ड्रेन, सर्भिस लेन, फुटपाथ तथा यातायात सुरक्षाका अन्य संरचना निर्माण गरिनेछ । सडक विभागको आयोजनामा तीन वर्षभित्र कार्य सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

परियोजनाको कुल लागत करिब ६३ अर्ब ६८ करोड रुपैयाँ रहेको छ । सडकको क्षेत्राधिकार केन्द्रबाट दायाबाँया २५/२५ मिटरको पथलैया-हेटौंडा-नारायणगढ सडकखण्ड पथलैयाबाट सुरु भई भरतपुर गोन्द्राङमा गएर टुगिन्छ । पूर्व-पशिचम राजमार्ग स्तरोन्नती आयोजनाअन्तर्गत पथलैया-हेटौंडा-नारायणगढ खण्ड स्तरोन्नति गरी दुई लेनको सड्कलाई ४ लेनमा परिवर्तन गरिनेछ । आयोजनाअन्तर्गत सडकको चौडाई सहरीक्षेत्रमा ५० मिटर, अर्धसहरीक्षेत्रमा ३७.४ मिटर र ग्रामीण तथा वनक्षेत्रमा २४ मिटर कायम भएको छ । सडकलाई दुई लेनबाट ४ लेनमा स्तरोन्नति गर्दा १३ स्थानमा जङसङ सुधार, सडकको दुबै भागमा सर्भिस रोड, साइकल लेन, सहरीक्षेत्रमा फुटपाथ, पैदलयात्रुको लागि ७ स्थानमा आकाशे पुल र १२ स्थानमा अन्डरपास, ४ किलोमिटर लम्बाई भएको २ भ्याडक्ट सहित २० स्थानमा वन्यजन्तु क्रसिङ, २२ नयाँ पुलहरु र २४८ बक्स कल्भट निर्माणमा स्लोप स्थिरिकरणका लागि सिभिल र १७८० स्थानमा सडक बत्ती रहनेछन् । प्रस्ताबित सडक स्तरोन्नति ५० मिटर क्षेत्राधिकारभित्र गरिने आयोजनाले जनाएको छ । करिब दुई वर्ष लगाएर गरिएको वातावरणीय परीक्षण मूल्यांकनमा सडक निर्माणको क्रममा बारामा ६९८१ रुख, मकवानपुरमा ७०९८ रुख र बाँकी २०७८ रुख चितवनमा कटान गरिने आयोजनाले जनाएको छ ।

# डिजिटल मिडिया र नेपाली सञ्चार उद्योगको रुपान्तरण



✍राजु श्रेष्ठ

डिजिटल प्रविधिको विकाससँगै नेपाली सञ्चारमाध्यमहरूको स्वरूपमा पनि आमूल परिवर्तन आएको छ । परम्परागत सञ्चार माध्यमहरू (छापा, रेडियो र टेलिभिजन)बाट डिजिटल प्लेटफर्मतर्फको रुपान्तरणले सञ्चारको पहुँच, स्वरूप, सामग्री र प्रभावलाई व्यापक बनाएको छ । यति बेला युट्युब, फेसबुक, टिकटक र अन्य सामाजिक सञ्जाल माध्यमहरू जनमानसमा प्रभावशाली बन्दै गएका छन् । यसले मिडिया मात्र होइन, रोजगारी, शिक्षा, अर्थतन्त्र, सूचना पहुँच र जनचेतनाको स्वरूपमा समेत ठूलो प्रभाव पारेको छ ।

**वर्तमान अवस्था:**

नेपालमा यति बेला विश्वबजारका प्राय: सबै डिजिटल मिडियाको प्रयोग भइरहेको छ । विशेष गरी सन् २०१५ पछि विकासमा गति वृद्धि भएको हो । दूरसञ्चार सेवाप्रदायकले फोरजी सेवा शुरु गरेपछि देशभर इन्टरनेटको पहुँच विस्तार भयो । त्यससँगै डिजिटल सामग्री उत्पादकको संख्या उल्लेखनीय रूपमा वृद्धि भएको छ । सन् २०२५ को प्रारम्भसम्म आइपुग्दा नेपालमा मोबाइल इन्टरनेट प्रयोगकर्ताको संख्या झन्डै २ दशमलव ७ करोड पुगेको तथ्यांक पाइन्छ । अहिले युट्युब, फेसबुक, टिकटक लगायतका प्लेटफर्ममा सक्रिय सामग्री उत्पादकहरूको संख्या लाखको संख्यामा पुगेको छ । युट्युबबाट आम्दानी गर्ने नेपाली सामग्री निर्माताको संख्या उल्लेख्य छ । सन् २०२४ को तथ्यांकअनुसार नेपालमा १ हजार ५ सयभन्दा बढी युट्युब च्यानलहरूले मासिक हजार डलरभन्दा बढी आम्दानी गर्न सफल भएका छन् ।

एक अपुष्ट तथ्यांकअनुसार नेपालमा फेसबुकका १ करोड २० लाख भन्दा बढी नेपाली सक्रिय प्रयोगकर्ता, युट्युबका १ करोड सक्रिय दर्शक, टिकटकका ९० लाख, इन्स्टाग्रामका ४० लाख, लिङ्देनका करिब ७ लाख प्रोफेसनल प्रयोगकर्ता रहेको अनुमान छ । यी तथ्यांकहरूले नेपालमा डिजिटल मिडियाका लागि ठूलो दर्शक वर्ग रहेको देखाउँछ ।

**रोजगारी र उद्यमशीलतामा नयाँ आयाम:**

डिजिटल मिडियाको विकाससँगै नयाँ प्रकारका रोजगारी सिर्जना भएका छन् । सामग्री सम्पादन, भिडियो निर्माण, अनलाइन पत्रकारिता, ग्राफिक्स डिजाइन, एनिमेसन, डिजिटल मार्केटिङ, एसईओ विशेषज्ञता, इमेल तथा बजार प्रवर्द्धन, सामाजिक सञ्जाल व्यवस्थापनजस्ता क्षेत्रमा धेरै युवाहरू सक्रिय भएका छन् । बेरोजगारी समस्याले थिचिएको नेपाली युवा पुस्ता अब डिजिटल प्लेटफर्मबाटै आफ्नो उद्यम शुरु गर्न थालेका छन् । युट्युब, फेसबुक भिडियो, टिकटक, पोडकास्ट र न्यूज पोर्टलजस्ता माध्यमहरूबाट आय आर्जन गर्न सकिने संरचना तयार हुँदै गएको छ ।

**आम्दानीका स्रोतहरू:**

डिजिटल मिडियाबाट आम्दानी गर्न ब्रान्ड स्पोन्सरसिप र इन्फ्लुएन्सर मार्केटिङ, ई-कमर्स इन्टेग्रेसन, ई-लर्निङ प्लेटफर्म निर्माण गर्ने सम्भावना छ । नेपालमा लोकप्रिय डिजिटल मिडिया विधाहरूमा भिडियो कन्टेन्ट, लोकसंस्कृति, हास्य, मोटिभेसन, अनलाइन समाचार पोर्टल र पोडकास्ट अगाडि छन् । डिजिटल मिडियाबाट हुने आम्दानीको प्रमुख स्रोतहरूमध्ये देशभित्रको विज्ञापनबाहेक युट्युबबाट गुगल एडसेन्स, प्रायोजन, उत्पादन बिक्री, मार्केटिङ प्रमुख छन् । युट्युबबाट ६-१२ महिनाको प्रयासपछि आम्दानी शुरु गर्न सकिन्छ भने फेसबुक र टिकटकमा ३-६ महिनामै विज्ञापन वा गिफ्टमार्फत आय शुरु हुन्छ । न्यूज पोर्टलबाट गुगल एड्सेन्स र सदस्यता शुल्कमार्फत १२-२४ महिनामा आम्दानी हुने गरेको देखिन्छ ।

**नेपालमा विज्ञापन बजारको अवस्था:**

देशको कुल गार्हस्थ्य उत्पादन (जीडीपी)को १ प्रतिशतभन्दा न्यून रकम बराबरको विज्ञापन बजार रहेको छ । विज्ञापन बोर्डका लागि कम्युनिकेसन एन्ड रिसर्च इनिसिएटिभ नेपालले २०७९/८० मा गरेको अध्ययनअनुसार पत्रपत्रिका, रेडियो र टेलिभिजनमा छुटअघिको विज्ञापनको कुल कारोबार ३० अर्ब ६१ करोड ८० लाख र छुटपछिको कारोबार १३ अर्ब २३ करोड १९ लाख रुपियाँ रहेको छ । आर्थिक वर्ष २०७८/७९ मा नेपालको जीडीपी ४२ खर्ब ६६ अर्ब ३२ करोड हुँदा नेपालमा विज्ञापनको बजार छुटअघि ३० अर्ब ६१ करोड ८० लाख रहेको देखिएको छ । जसअनुसार विज्ञापन बजारको हिस्सा जीडीपीको ०.७५ प्रतिशतको हाराहारी देखिन्छ ।

राष्ट्रिय तथ्यांक कार्यालयले नेपालको जीडीपी साढे ५७ खर्ब रुपियाँ रहेको आँकलन गरिरहेका बेला उल्लिखित तथ्यांकलाई आधार मान्ने हो भने यति बेला नेपालको विज्ञापन बजार ५० अर्ब रुपियाँ हाराहारीको हुनुपर्ने हो । तर, परम्परागत मिडिया (पत्रपत्रिका, रेडियो, टीभी)मा विज्ञापन प्रवाहको अवस्थालाई बजार विस्तार त्यति ठूलो आकारमा भएको देखिँदैन । विज्ञापन बजार संकुचन हुँदै जाँदा परम्परागत माध्यमभन्दा वैकल्पिक माध्यम डिजिटल मिडियामा विज्ञापन प्रवाह हुने क्रममा तीव्र वृद्धि भइरहेको छ । औसत वार्षिक १५ प्रतिशतका दरले विज्ञापन बजार वृद्धि हुँदै गएको विभिन्न तथ्यांकले देखाउँछ । जसअनुसार हाल नेपालमा १५ देखि १८ अर्ब रुपियाँको खुद विज्ञापन बजार (छुटपछिको) रहेको मानिन्छ । तर, पत्रपत्रिका, रेडियो, टीभीमा १० अर्बभन्दा कम विज्ञापन प्रवाह हुने गरेको छ ।

जसमध्ये करिब ६० प्रतिशत सरकारी कार्यालयको रहेको छ । उल्लिखित तथ्यांकका आधारमा विश्लेषण गर्ने हो भने ७ अर्ब रुपियाँभन्दा बढीको विज्ञापन वैकल्पिक माध्यम (डिजिटल प्लेटफर्म, होडिङ बोर्ड, डिस्प्ले बोर्ड, पर्चा, पम्पलेट आदि) मार्फत गइरहेको छ । एडस्टार नामक संस्थाले सन् २०२० मा गरेको अध्ययनअनुसार नेपालमा डिजिटल प्लेटफर्ममार्फत गरिने विज्ञापन १ अर्ब रुपियाँको थियो । त्यसरी गरिने विज्ञापन हरेक वर्ष ३५ प्रतिशतसम्मले वृद्धि हुँदै गएको छ । तर, कोभिड महामारीपछि पत्रपत्रिकामा हरेक वर्ष ३० देखि ३५ प्रतिशत, रेडियोमा १० देखि १५ प्रतिशत, टेलिभिजनमा ८ देखि १० प्रतिशतका दरमा विज्ञापन घटेको अध्ययनले देखाएको छ । हाल विज्ञापनको प्रवृत्ति हेर्ने हो भने पत्रपत्रिका, रेडियो, टेलिभिजनलगायत परम्परागत माध्यहरूबाट अनलाइन वा डिजिटल माध्यमतर्फ विज्ञापन स्थानान्तरण हुने गरेको देखिन्छ ।

**विज्ञापन स्थानान्तरण:**

प्रविधिको द्रुत विकास र उपभोक्ताहरूमा देखिएको बदलिँदो व्यवहार एवं जीवनशैली मुख्य कारण हो । जसका आधारमा भविष्यको विज्ञापन क्षेत्र डिजिटल विज्ञापनले वर्चश्व कायम गर्ने सहज अनुमान गर्न सकिन्छ । अहिलेको विज्ञापन बजार हेर्दा डिजिटल प्लेटफर्म तथा सामाजिक सञ्जालमा ५० प्रतिशतभन्दा बढी विज्ञापन गइसकेको छ । आर्थिक वर्ष २०७८/७९ मा १४ अर्ब ७० करोड रुपियाँ बराबरको बजार आर्थिक वर्ष २०७९/८० सकिँदा १२ अर्ब ५५ करोड रुपियाँमा झरेको नेपाल विज्ञापन संघ (आन) को अध्ययनले देखाएको छ । बजार विज्ञहरु भन्छन्, नेपालको विज्ञापन बजारको अवस्था बिग्रिएको होइन, ट्र्याक मात्रै परिवर्तन भएको हो । अनलाइन तथा डिजिटल माध्यमको विकास र विस्तारसँगै रेडियो, टेलिभिजन र पत्रपत्रिकालगायत परम्परागत माध्यममा प्रकाशन तथा प्रसारण हुने विज्ञापन क्रमिकरूपमा बढ्दै गएको देखिन्छ । भविष्यमा परम्परागत मिडिया प्राप्त गर्दै आएको लोककल्याणकारी विज्ञापन पनि स्थान्तरण हुने प्रबल सम्भावना छ । अहिले वार्षिक ३०/३५ करोडको हाराहारीमा हुँदै आएको उक्त विज्ञापन खर्चको ७० प्रतिशत औचित्यहीन देखिएको अध्ययन देखाएको छ ।

**बजार संकुचन हुँदै जानुको कारण:**

विज्ञापन बजार देशको अर्थतन्त्रसँग जोडिएकाले आर्थिक गतिविधिसँग जोडिन्छ । सन् १९९० देखि देशले उदार अर्थतन्त्र अँगालेपछि सञ्चारमाध्यमको तीव्र विकास भएसँगै विज्ञापन क्षेत्रले गति लिन थाल्यो । तर माओवादी द्वन्द्व, तराई आन्दोलनदेखि भूकम्प र कोभिड माहामारी लगायतका कारण अर्थतन्त्र शिथिल बन्दै गयो । त्यसको प्रत्यक्ष असर विज्ञापन बजारमा पनि पऱ्यो । त्यसबाहेक विभिन्न नीतिगत तथा व्यावहारिक समस्याहरू पनि आउन थाले । मदिरा तथा सुर्तीजन्य पदार्थको विज्ञापनमा रोक, बिमा, शिक्षा, स्वास्थ्यलगायत क्षेत्रमा सीमा निर्धारण तथा विज्ञापनलाई ब्रान्ड स्थापित गराउने माध्यमभन्दा पनि फजुल खर्चका रुपमा लिने सोच, कर्पोरेट कल्चर विकास नहुनुलगायतका कारण पनि मुख्यरुपमा देखिएको छ ।

त्यस्तै नेपालमा विदेशी ब्रान्डका आयातीत वस्तुको खपत उल्लेख्य मात्रामा भए पनि तिनीहरूको विज्ञापन निकै कम मात्रामा भइरहेको पाइन्छ । विज्ञापनका लागि तिनीहरूलाई प्रोत्साहित गर्ने नीति तथा कानुन नहुँदा विज्ञापनको आकार आशातीत रूपमा बढ्न नसक्ने मात्रै होइन सरकारको राजस्वसमेत गुमिरहेको अवस्था छ । पछिल्लो समय सामाजिक सञ्जालमा विज्ञापन दिने प्रवृत्ति बढ्न थालेसँगै राजस्वमा थप क्षति भएको छ । आनको तथ्यांकअनुसार विज्ञापन एजेन्सीहरूबाट सरकारले ३ करोडभदा बढी राजस्व प्राप्त गर्दछ भने सञ्चारमाध्यमबाट पनि सोभन्दा बढी राजस्व प्राप्त गरेको छ । तर, डिजिटल प्लेटफर्म भएको खर्चले अपार दर्शिता बढाएको छ ।

**आवश्यक सीप:**

डिजिटल मिडियामा सफल हुन विविध सीप आवश्यक पर्छ । जसमा सामग्री सिर्जना, भिडियो सम्पादन, कथावाचनको कला, मोसन ग्राफिक, ग्राफिक डिजाइन, इन्फोग्राफिक, एनिमेसन, सामाजिक सञ्जाल व्यवस्थापन, वेबसाइट डिजाइन र विकास, एसईओ म्यानेजमेन्ट, डिजिटल मार्केटिङ, सामाजिक सञ्जाल विज्ञापन (फेसबुक/गुगल विज्ञापन), वेब डेभलपर, सामग्री व्यवस्थापन प्रयोग, मोबाइल एप विकास, कन्टेट क्रिएटर, एडिटरजस्ता क्षेत्रहरू पर्दछन् ।

**अवसर र चुनौतीहरू:**

नेपालमा डिजिटल मिडियाले अवसरहरू प्रदान गरिरहेको छ । विशेष गरी नवप्रवर्तनशील सोच भएका युवाहरूका लागि सजिलो उद्यमशीलता, न्यून पूँजीमा व्यवसाय शुरु गर्न सकिने, गाउँदेखि शहरसम्म डिजिटल पहुँच विस्तार, वैदेशिक रोजगारमा जानुपर्ने बाध्यता कम गर्ने विकल्प दिने । तर, सामग्रीको गुणस्तरमा एकरूपता अभाव छ, अनलाइन दुरुपयोग र भ्रामक सूचनाको समस्या बढ्दो छ, कानुनी तथा नीति निर्माणमा ढिलासुस्ती, उच्च प्रतिस्पर्धा र नक्कली फलोअर्सको बिगबिगी पनि व्याप्त छ ।

**डिजिटल साक्षरता र नीतिगत सुधारको आवश्यकता:**

सरकारले डिजिटल मिडियालाई अबको आर्थिक र सामाजिक विकासको प्रमुख आधारको रूपमा स्वीकार गरी नीतिगत सुधार आवश्यक छ । डिजिटल विज्ञापन नीति, अनलाइन पत्रकारिता मापदण्ड, सामाजिक सञ्जाल नियमन, डेटा सुरक्षा कानुन, बजार प्रवर्द्धन तथा ई-कमर्स कर व्यवस्था, सामग्री अधिकार र कपीराइट कानुन सुधारको आवश्यकता देखिन्छ ।

**परम्परागत मिडियामाथि कालो बादल:**

समयसापेक्षरूपमा परम्परागत मिडिया परिवर्तन हुन नसकेकाले पनि विज्ञापनदाताहरू डिजिटल सञ्चारमाध्यमतर्फ आकर्षित हुन थालेको देखिन्छ । डिजिटल प्लेटफर्ममार्फत सूचना प्रवाहमा सहजता, विज्ञापनको तत्काल प्रभाव पर्ने, डिजिटल माध्यमको अनुगमन गर्न सहज, विज्ञापनमा आकर्षक शैली अपनाउनु तथा प्रयोगकर्ताको बढ्दो संख्याले पनि परम्परागत माध्यमको आकर्षण घटेको हो । यद्यपि पत्रपत्रिका, रेडियो, टेलिभिजनजस्ता परम्परागत सञ्चार माध्यमहरूमा पनि विज्ञापन गर्ने क्रम रोकिएको छैन । तर, डिजिटल मिडिया आएपछि तुलनात्मक रूपमा कम प्राथमिकतामा परेको छ । तर कतिपयले भने परम्परागत माध्यममा विज्ञापनमा आएको गिरावट क्षणिक भएको र यिनीहरूको प्रभाव बिस्तारै पुनर्स्थापित हुने अनुमान गर्छन् ।

अन्त्यमा, डिजिटल मिडिया अब सूचना प्रवाहको मात्रै माध्यम होइन, रोजगारी, उद्यमशीलता, शिक्षा, सामाजिक सचेतना र आर्थिक विकासको आधार बनिसकेको छ । नेपालमा यसको दिगो विकासका लागि युवा, सरकार, निजी क्षेत्र र अन्तर्राष्ट्रिय साझेदारबीच सहकार्य आवश्यक छ । सही नीति, सीप विकास, संरचना विस्तार र डिजिटल साक्षरताको सुनिश्चितता हुँदै जाने हो भने नेपालले डिजिटल मिडियाको माध्यमबाट समावेशी र दिगो विकासको दिशा लिन सक्छ । स्मार्टफोन र इन्टरनेटको पहुँच बढ्दै जाँदा दर्शकहरूको रुचि डिजिटल सामग्रीतर्फ सर्दै गएको छ । विज्ञापनदाताले परिणाम मापन गर्न सकिने प्लेटफर्मलाई प्राथमिकता दिने भएको हुँदा हाल सञ्चालनमा रहेका परम्परागत सञ्चारमाध्यमले आफूलाई रुपान्तरण गर्दै डिजिटल प्लेटफर्ममा पनि लैजान जरुरी छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# शीर्ष नेताका हातका स्विस घडीको स्रोतमा प्रश्न गर्ने कि ऱ्याल काढ्ने ?

✍बिनोद सिजापती

झन्डै छ दशकअघि भारतीय संसद्मा एक दिन एउटा हंगामायुक्त बहस भयो । त्यस दिन नवनियुक्त प्रधानमन्त्री श्रीमती इन्दिरा गान्धी कास्मिरी दोपट्टा पहिरिएर लोकसभा (संसद्मा) पुगेकी थिइन् । समाजवादी नेता डा. राममनोहर लोहिया (सांसद) ले प्रधानमन्त्री गान्धीलाई प्रश्न गरे - "तपाईंले पहिरिएको त्यो दोपट्टाको मूल्य कति हो ? हेर्दै मूल्यवान देखिने यो दोपट्टा खरिद गर्न रकम कुन स्रोतबाट जुटाउनु भएको हो ? त्यो सदनलाई अवगत गराउनुहोस् !" प्रधानमन्त्री श्रीमती इन्दिरा गान्धीको जवाफ थियो - "मैले खरिद गरेको होइन । एक मित्रले उपहार दिएकी हुन् । यति महँगो दोपट्टा खरिद गर्ने मेरो औकात छैन ।" डा. लोहियाले फेरि प्रश्न गरे - "प्रधानमन्त्री जस्तो जिम्मेवार व्यक्तिलाई कसैले सित्तैमा उपहार दिँदैन । उपहार दिएबापत केही न केही फाइदा लिने अन्तर्निहित उद्देश्य हुन्छ । दोपट्टा प्राप्त गरेबापत उक्त व्यक्तिलाई तपाईं के कस्ता लाभ दिँदै हुनुहुन्छ ?"

इन्दिरा गान्धीले जवाफ फर्काइन् - "यो एक मित्रले अर्को मित्रलाई दिएको उपहार हो । भारतको प्रधानमन्त्रीलाई तिनले उपहार दिएकी होइनन् । त्यसकारण लेनदेनको कुनै गुन्जायस नै छैन ।" डा. लोहियाको भनाइ थियो - पदासीन व्यक्तिलाई उपहार दिने व्यक्तिले लाभ पाउने आशाले गर्दा उपहार दिएको होइन भन्ने विश्वास कसरी गर्न सकिन्छ ? त्यो विषय अघि बढ्दै जाँदा लोकसभामा हंगामा मच्चियो । प्रधानमन्त्री गान्धीले अन्त्यमा संसदमै माफी माग्दै दोपट्टा उपहार दिने मित्रलाई उक्त दोपट्टा फिर्ता लिन आग्रह गरेकी थिइन् । तिनले आउँदा दिनमा प्रधानमन्त्री पद आसीन रहुन्जेलसम्म उपहार नस्वीकार्ने प्रतिज्ञा पनि गरिन् । विदेशी समकक्षीले दिएको उपहार सरकारलाई सुम्पने प्रतिबद्धता समेत तिनले जाहेर गरेकी थिइन् ।

दक्षिणी अमेरिकी राष्ट्र उरुग्वेका राष्ट्रपति होजे मुहिका 'पेपे' (२०१० देखि २०१५) विश्वको सबैभन्दा 'विपन्न राष्ट्रपति' उपाधिबाट सम्मानित थिए । उनी पूर्व मार्क्स, लेनिन तथा माओवादी कम्युनिस्ट पृष्ठभूमिका गुरिल्ला नेता थिए । सशस्त्र आन्दोलनका क्रममा गिरफ्तार भएका तिनले १४ वर्ष जेल सजाय भोगेका थिए । उरुग्वेको ४० औं राष्ट्रपति निर्वाचित भएपछि तिनले प्राप्त गर्ने मासिक पारिश्रमिक १२ हजार अमेरिकी डलर बराबर हुन्थ्यो । उनले पारिश्रमिक रकमको ९० प्रतिशत विपन्न नागरिकहरूको कल्याणका निमित्त सञ्चालित परियोजनालाई दान दिए ।

त्यसैगरी २७ वर्ष जेल जीवन बिताएका दक्षिण अफ्रिकाका राष्ट्रपति नेल्सन मन्डेलाले राष्ट्रपति पद ग्रहण गर्दा तिनलाई प्राप्त हुने पारिश्रमिकको ५० प्रतिशत रकम विपन्न समुदायका निमित्त कल्याणकारी कोष खडा गरी त्यसमा दाखिला गरे । नेपालका प्रथम निर्वाचित प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइराला (२०१६-१७) ले पदभार सम्हालेलगत्तै पारिश्रमिक ५० प्रतिशतमात्र लिने घोषणा गर्नुभयो । त्रिपुरेश्वरस्थित सरकारी अतिथि गृहमा प्रधानमन्त्री निवास थियो जहाँ श्रीमती सुशीला कोइरालाका निमित्त आर्थिक व्यवस्थापन सबैभन्दा कठिन कार्य थियो । शिक्षा भिभागका निर्देशक दीर्घराज कोइरालाले आफ्नो पारिश्रमिकको ठूलो हिस्सा प्रधानमन्त्रीलाई भेट्न आउनेका लागि चियामा खर्च गर्नुहुन्थ्यो । एउटा सानो ट्याङ्का, सुराही तथा छाता लिएर प्रधानमन्त्री निवास प्रवेश गरेका कृष्णप्रसाद भट्टराईलाई पनि विश्वले विपन्न प्रधानमन्त्रीको उपाधिबाट सम्मानित गऱ्यो । सम्पत्तिका नाममा तीनवटा मोबाइल फोनमात्र भएका सुशील कोइराला विपन्नताकै कारण सञ्चार माध्यमले 'विश्वकै सबैभन्दा विपन्न प्रधानमन्त्री' को रूपमा परिचित हुनुभएको थियो ।

गान्धीले खद्दरको धोतीमै जीवन बिताए । माओत्से तुङ सधैं खाकी ज्याकेट र पतलुंगमा देखापरे । कालो भोटो सुरुवाल पहिरिने भियतनामी राष्ट्रपति होचीमिन्ह विदेशी अतिथिसँग भेटवार्ता गर्दामात्रै माओ 'स्टाइल'को खाकी ज्याकेट र पाइन्टमा प्रस्तुत हुने गर्थे । सरकार प्रमुखले अपनाउने जीवनशैलीले धेरै अर्थ राख्छ । सादगीले तिनले अपनाएको आदर्श जीवनप्रतिको समर्पण प्रदर्शन गर्छ । आफूलाई निर्वाचित गर्ने मतदाता तथा सर्वसाधारणका निमित्त उनीहरू उदाहरण हुने गर्छन् । समर्थकलगायत प्रशासक तथा सुरक्षाकर्मीका निमित्त सादगीपूर्ण जीवनशैली अख्तियार गर्न एकप्रकारको दबाब हुन्छ । सादगी जीवनशैली अपनाउँदा खर्च न्यून हुन्छ । भ्रष्टाचारको जरुरतै पर्दैन । नेता भ्रष्टाचारमुक्त भएमात्रै देशमा भ्रष्टाचार नियन्त्रण हुन्छ ।

नेपाली मतदाताले अधिकांश युवाकालमा जेलमा वा प्रवासमा जीवन बिताउन बाध्य नेतालाई नै शासक चुन्दैआएका छन् । चौध वर्ष जेल सजाय भोगेका 'नक्सलपन्थी गुरिल्ला नेता' केपी शर्मा ओलीलाई पटक पटक निर्वाचित प्रधानमन्त्री हुने अवसर नेपाली मतदाताले नै दिएका हुन् । त्यसैगरी एक दशक लामो सशस्त्र युद्धका 'माओवादी कमाण्डर'लाई हतियार बिसाएर शान्ति प्रक्रियामा आउँदा आउँदै प्रधानमन्त्री पदमा आसीन हुने अवसर पनि नेपाली मतदाताले नै दिए । उहाँहरू पहिलोपटक प्रधानमन्त्री नियुक्त हुँदा युवा वर्गमै पर्थे । आजका दिनसम्म आइपुग्दा उनीहरू सबै उमेरका हदले ज्येष्ठ नागरिक कोटीमा पर्छन् । वृद्धा अवस्थामा पुगिसकेका छन् । हाम्रा समकालीन नेताका जीवनशैली अत्यन्त 'ठस्सापूर्ण' छ । कपाल दुख्दा पनि राज्य कोषको रकममा विदेश पुग्छन्, औषधिका निमित्त । राज्यकोषबाट प्राप्त 'औषधि उपचार खर्च'को हिसाबकिताब बुझाउने औपचारिकतामात्र पुऱ्याउन पनि तिनले आवश्यक ठान्दैनन् । तिनको निजी अलिसान महल निर्माण गर्ने खर्च कताबाट प्राप्त भयो ? त्यसको हिसाबकिताब तिनले जनसमक्ष प्रस्तुत गर्नुपर्दैन ।

चौबीस घन्टा, बाह्रै महिना सुरक्षाकर्मीको बाक्लो घेरामा बस्ने आदत तिनलाई बसिसकेको छ । निर्लज्ज रूपमा 'सवारी' हुँदा हतियार सुसज्जित अघिपछि सुरक्षाका गाडीले 'साइरन' बजाउँदै सडक अवरोध नगरी तिनलाई चयन मिल्दैन । निवासलाई आर्थिक औकातको सूचक मान्ने हो भने घरबारविहीन प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोराला, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला तथा सुशील कोइराला बाहेक अरु कोही भएनन् । माओवादीले मच्चाएको हत्या हिंसा तथा आतंकपूर्वको दशक नेपालमा न्यून आपराधिक गतिविधि हुने गर्थ्यो । वर्तमान कालखण्डमा समेत नेपाल सुरक्षित राष्ट्रको अग्रपंक्तिमा पर्छ । तैपनि तिनको सुरक्षाका खातिर किन यति बिघ्न खर्च गर्नुपर्ने ? त्यसैगरी तिनको वेशभूषालाई आधार मान्ने हो भने तिनले 'प्यारिस' अथवा 'रोम'मा निर्मित सुट पहिरिएको हुनुपर्छ । स्वदेशमै निर्मित साधारण दौरासुरुवालमा प्रयोग गरिएका कपडा महँगा मखमली हुने गर्छन् ।

*(साभार: बाह्रखरी)*

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ बैशाख १३ गते शनिबार २६ अप्रिल २०२५ । त्रयोदशी, बैशाख कृष्णपक्ष । चौलागा ११४५ ने.सं. । सूर्योदय ५:३१, सूर्यास्त ६:३४ । विश्व बौद्धिक सम्पत्ति दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : विवाद बढ्न सक्नेछ | **तुला** | : शुभ समाचार सुन्न पाइनेछ |
| **वृष** | : उत्साह कम हुनेछ | **वृश्चिक** | : मान सम्मान पाउन सकिनेछ |
| **मिथुन** | : कार्य-सिद्धिबाट सुख मिल्नेछ | **धनु** | : मन खिन्न हुन सक्नेछ |
| **कर्कट** | : उदर-विकार हुन सक्नेछ | **मकर** | : व्यापार व्यवसायबाट लाभ हुनेछ |
| **सिंह** | : परिवारमा उन्नति हुनेछ | **कुम्भ** | : राजनीतिमा सफलता मिल्नेछ |
| **कन्या** | : काममा रोकावट आउन सक्नेछ | **मीन** | : काममा विलम्ब हुनेछ |

# लेजेन्ड खेलाडीको नेपाल आगमन : बन्न सक्छ, खेलकुद विकासको टर्निङ प्वोइन्ट



काठमाडौं/दशरथ रंगशालामा विश्वचर्चित लेजेन्ड रोबर्टो कार्लोसको फ्रि-किक । पोस्टमा नेपाली गोलरक्षक समित श्रेष्ठ । यसलाई प्रत्यक्ष नियाल्ने दशरथ रंगशालामा भरिभराउ दर्शक । कार्लोसलाई क्यामेरामा कैद गर्ने फोटो पत्रकार वा ब्याकग्राउन्डमा कार्लोसलाई क्याप्चर्ड गर्दै सेल्फी लिने दर्शक । यो अभूतपूर्व क्षण नेपाली फुटबलमाफ निकै मानेमा अर्थपूर्ण रह्यो ।

नेपाल सुपर लिग (एनएसएल) अन्तर्गत धनगढी एफसी र पोखरा थन्डर्सबीचको 'क्वालिफायर टू म्याच'को हाफटाइमको यो दृश्य निकै रोमाञ्चक थियो । ब्राजिलियन लेजेन्ड कार्लोसले प्रहार गरेको पहिलो फ्रि-किक समितले बचाए । दोस्रो फ्रि-किकले जाली चुम्यो । यो फ्रि-किक कार्लोसले त्यसै हानेका होइनन् । जब कार्लोसको नाम लिइन्छ अनि जोडिएर आउँछ फ्रि-किक । ३ जुन सन् १९९७ फ्रान्सविरुद्ध कार्लोसले गरेको फि-किक विश्वचर्चित छ ।

टुर्ने डे फ्रान्सको पहिलो खेलमा ब्राजिल र फ्रान्सबीच प्रतिस्पर्धा भएको थियो । त्यसमा रोबर्टो कार्लोसले ० यार्डबाट गरेको पावरफुल फ्रि-किकको फ्रान्सका गोलकिपर फाबियन बार्थेजले भेउ नै पाएनन् । बनना कटमा बलले जाली चुमेपछि फाबियन हेरेको हेर्‍यै भएका थिए ।

एल होम्ब्रे बाला अर्थात् 'दी बुलेट म्यान' उपनामले प्रख्यात कार्लोस नेपाल आउनु नेपाली खेलकुदप्रेमी र खेल क्षेत्रका लागि ठूलो उपलब्धि रहेको खेलकुदका जानकारहरूको बुझाइ छ । उनलाई नेपाल भित्र्याउने नेपाल स्पोर्ट्स एन्ड इभेन्ट्स म्यानेजमेन्टका प्रबन्ध निर्देशक श्रेयन्स कार्कीले खेलकुदका लागि गौरबको विषय रहेको बताएका थिए ।

कार्लोसको आगमनले लिग प्रतिष्ठा र अन्तर्राष्ट्रिय पहिचान त बढ्छ नै, समग्र फुटबलको विकास सकारात्मक सहयोग पुग्ने विश्वास गरिएको छ । बुधबार मात्रै कार्लोस कालोपुलमा रहेको जेभियर इन्टर नेसनल कलेजमा पुगे । शिक्षक र विद्यार्थीसँग अन्तर्क्रिया गरे । कलेज सञ्चालक लोकबहादुर भण्डारी र गोपाल भण्डारीले उनलाई भव्य स्वागत गरे । फुटबलका यी सर्वकालीन महान खेलाडीसँगको अन्तर्क्रियाले जेभियर कलेजका विद्यार्थीलाई फुटबलप्रतिको मोह बढाउन सहयोग पुग्ने विश्वास गरिएको छ ।

आफ्ना फ्यानलाई जर्सीमा अटोग्राफ दिएका कार्लोसबाट विद्यार्थी प्रेरित हुने कलेजले विश्वास गरेको छ । 'फुटबलप्रति प्रेरित गर्न कार्लोसको आगमनले हामीलाई निकै फाइदा पुग्ने विश्वास गरेका छौं,' सञ्चालक भण्डारीले भने । नेपाली ढाका टोपी लगाइदिएर प्रधानमन्त्री केपी शर्मा ओलीले उनलाई स्वागतमात्र गरेनन्, माउन्टेन फ्लाइट र जंगल सफारीसम्मको निम्तो दिए । कार्लोससँगको तस्वीर सामाजिक सञ्जालमा सार्वजनिक गर्दै प्रधानमन्त्री ओलीले उनको प्रशंसा गरे ।

पुरानादेखि सिक्दै गरेका फुटबल खेलाडीको प्रेरणा मानिने कार्लोसले पनि नेपाल भ्रमण गर्न पाउँदा हर्षित रहेको बताए । नेपाली फुटबलसँग सानो साक्षात्कार गरेका कार्लोस दुई दिने भ्रमण सकेर आज बिहीबार स्वदेश फर्कँदैछन् ।

कार्लोसको फ्रि-किक सम्हालेका समितकै जस्तो संयोग जुरेको थियो, अर्का गोलरक्षक विशाल श्रेष्ठलाई । विशालले विश्व फुटबलमा लेजेन्ड गोलरक्षक जियानलुइजी बुफोनको हातबाट उत्कृष्ट गोलकिपरको पुरस्कार थापेका थिए, जुन उनले कल्पना नै गरेका थिएनन् ।

बुफोन नेपाल आएपछि फोटोसम्म खिचाउने लक्ष्य राखेका मच्छिन्द्र क्लबका गोलरक्षक विशाल उनैको हातबाट उत्कृष्ट गोलरक्षकको अवार्ड पाउँदा निकै हर्षित देखिन्थे । १८ फागुनमा राष्ट्रिय युवा संघ नेपालको आयोजनामा भएको तेस्रो केपी ओली कप फुटबल च्याम्पियनसिपको समापनमा बुफोन काठमाडौं आएका थिए । कार्यक्रमका प्रमुख अतिथिका रूपमा नेपाल आएका उनले पनि दशरथ रंगशालामा पुगेर खेल हेरेका थिए ।

बुफोन मच्छिन्द्र क्लब र त्रिभुवन आर्मी क्लबबीच खेल हेरे र २० फागुनमा स्वदेश फर्किए । इटालीका लेजेन्ड पूर्वगोलरक्षक बुफोनको यो आगमन फुटबल क्षेत्रमा एउटा उत्सव नै बनेको थियो । त्यतिमात्रै होइन, बुफोनले व्यक्त गरेको इच्छाले फुटबल विकासका लागि कोसेढुंगा बन्न सक्ने पनि आकलन गरिएको थियो । बुफोनको भेटघाट र व्यक्त विचारले त्यतिबेला निकै चर्चा पाएको थियो ।

काठमाडौं ओर्लिएलगत्तै सञ्चारकर्मीसँग भेटघाट गरेका उनले त्यही दिन साँझ उद्यमी र व्यावसायिक फुटबल क्लबसँग भेटघाट गरे । विश्वका महान खेलाडी बुफोन नेपाली फुटबल क्लबहरूसँग अन्तर्क्रिया गर्नु, उनका अनुभव सेयर हुनुले फुटबलमा लगानी गरेकालाई थप प्रोत्साहनको बिन्दु रहेको फुटबल विश्लेषक सञ्जीव मिश्रको बुझाइ छ । फुटबलका लेजेन्डहरूको आगमनले खेलाडीमात्रै नभएर खेलकुदमा लगानी गर्ने व्यवसायीहरूका लागि पनि प्रेरणा बन्नसक्छ ।

नेपाल आगमनको बेला बुफोनले फुटबलको मोह अत्यधिक रहेको र सोचेभन्दा धेरै प्रशंसक पाएको धारणा व्यक्त गरे । बुफोनले नेपालमै एकेडेमी खोल्नेसम्मको इच्छा व्यक्त गरेको युवासंघका प्रवक्ता तथा उपाध्यक्ष कृष्णहरि शर्माले त्यतिबेला बताएका थिए । प्रतियोगिताहरू नियमित भए व्यावसायिक हुने र नेपालले एसियन कपदेखि विश्वकपसम्मको यात्रा तय गर्नसक्ने बुफोनको भनाइ थियो ।

कार्लोस र बुफोनका अलावा फुटबल जगतका अर्का हस्ती इंग्ल्यान्डका डेभिड बेक्ह्यामले पनि यसअघि नेपाल भ्रमण गरिसकेका छन् । २० कात्तिक २०७२ मा बेक्ह्याम नेपाल आएका थिए । बेलायती सञ्चार संस्था बीबीसीको डकुमेन्ट्री टोलीसँगै नेपाल आएका उनी भक्तपुरमा पुगेर फुटबलसमेत खेलेका थिए ।

डकुमेन्ट्री खिच्ने र युनिसेफलाई सहयोग जुटाउने लक्ष्यसहित उनी ७ महादेशका सात मुलुकको भ्रमणमा क्रममा नेपाल आए । भूकम्पले क्षतिग्रस्त बनेको पद्म माध्यमिक विद्यालय पुगे । भत्किएको स्कुल युनिसेफले टहरा बनाइदिएपछि सञ्चालनमा आएको थियो । उनको आगमन कुनै फुटबल कार्यक्रमसँग सम्बन्धित नभए पनि विद्यार्थीसँग केहीछिन फुटबल खेले । अनुभव साटे । अनि एक दिने भ्रमण सकेर फर्किए ।

बेक्ह्याम र कार्लोस साथी हुन् । उनीहरूले सँगै स्पेनिस क्लब रियल मड्रिडबाट खेलेका थिए । कार्लोसजस्तै बेक्ह्याम पनि फ्रि-किक हान्न निकै माहिर थिए । उनको फ्रि-किकलाई 'बेक्ह्याम कर्ल' भनिन्थ्यो । उनीहरुभन्दा अघि फुटबलकै अर्को ठूलो नाम जर्मनीका बर्टी भोग्स नेपाल आएको बताइन्छ । यो निकै पुरानो समय थियो । तर अहिले डेढ महिनाकै अवधिमा विश्व फुटबलका दुई ठूला हस्तीले नेपाल भ्रमण गरिसकेका छन् ।

ठूला स्टार खेलाडीको नेपाल भ्रमणले विशेषगरी उदाउँदो पुस्ताका नयाँ खेलाडीलाई प्रोत्साहन हुने फुटबल विश्लेषक मिश्र बताउँछन् । 'विश्व चर्चित विदेशी खेलाडी नेपाल आउँदा उनीहरूको अनुभव सेयरिङका कुरा पनि हुन्छन् । पुराना खेलाडीले पनि उनीहरूबाट अनुभव लिएर नयाँ खेलाडीलाई सिकाउने अवस्था रहन्छ भने खेलकुदमा लाग्न नयाँ पुस्तालाई प्रोत्साहन हुन्छ,' मिश्रले संचारकर्मीसँग भने ।

प्रतिष्ठित खेलाडीको भ्रमणसँगै भोलिका दिनमा चर्चित खेलाडीहरू नेपालको लिग खेल्न आउने अवस्था रहनेसम्म विश्लेषण गरिन्छ । यसले नेपाली फुटबलको दीर्घकालीन विकासमा सहयोग पुर्‍याउन सक्छ । भोलिका दिनमा अन्य खेलाडी तथा पूर्वस्टार खेलाडीहरूको नेपाल आगमन थप सहज हुनसक्छ ।

खेलकुद स्टारहरूको नेपाल भ्रमण हुनु सुखद पक्ष रहे पनि संरचनागत विकास नहुँदा भने यसले धेरै अर्थ नराख्ने बुझाइ पनि धेरैको छ । 'स्टार खेलाडी नेपाल आउनु सकारात्मक पाटो त हो, तर यसको संरचनागत विकासको खाँचो पनि छ,' एन्फामा बसेर काम गरि सकेका एक जानकार भन्छन्, 'हामीसँग देखाउने त्यही एउटा रंगशाला छ । कन्सर्टदेखि कबड्डी, फुटबल, दीक्षान्त समारोह सबै त्यसैले धान्नुपर्ने अवस्था छ । संरचनागत विकासमा सरकारको ध्यान कहिल्यै गएन ।'

फुटबल विश्लेषक मिश्र पनि यो कुरामा सहमति जनाउँदै संरचनागत विकासबिना खेलकुद क्षेत्रको प्रगति हुन नसक्ने बताउँछन् । विश्वचर्चित खेलाडीको नेपाल आगमनलाई खेलकुदसँग मात्रै नभएर स्पोर्ट-टुरिजमसँग पनि जोडेर काम गर्न सकिने विज्ञहरू बताउँछन् । विश्वचर्चित खेलाडीहरू नेपाल आउँदा यहाँका पर्यटकीय स्थलहरूको भ्रमण र प्रचारप्रसारमा विशेष ध्यान दिनु आवश्यक रहेको उनीहरूको भनाइ छ । एनपीएल खेल्न नेपाल आएका बेला भारतीय क्रिकेटर शिखर धवनले त माउन्टेन फ्लाइट नै गरेका थिए ।

अर्का स्टार गोलरक्षक बुफोन विश्व सम्पदा सूचीमा रहेका बसन्तपुर दरबार क्षेत्र र बौद्ध घुमे । अर्कोपटक समेत आउने बताएका उनले डाँफे, गैंडा र हिमाल हेर्ने इच्छा व्यक्त गरेका थिए ।

अहिले नेपाल भ्रमणमा रहेका कार्लोसलाई प्रधानमन्त्री ओलीले माउन्टेन फ्लाइट र जंगल सफारीको निम्तो दिए । यस्ता खेलाडीलाई स्पोर्ट टुरिजमसँग जोड्न सके भोलिका दिनमा खेलकुद क्षेत्रको मात्रै नभएर पर्यटनको क्षेत्रमा समेत ठूलो योगदान पुग्न सक्ने देखिन्छ ।

पछिल्लो समय क्रिकेटका लेजेन्ड खेलाडी पनि धमाधम नेपाल भित्रिन थालेका छन् । वेस्ट इन्डिजका बायाँहाते ब्याट्सम्यान ब्रायन लारा २८ मंसिर २०८१ मा काठमाडौं आएका थिए । नेपाल प्रिमियर लिग एनपीएल हेर्न नेपाल क्रिकेट संघ (क्यान)को निम्तोमा उनी काठमाडौं आएका थिए ।

त्रिविस्थित क्रिकेट मैदान पुगेर खेल हेरेका लाराले नेपाली क्रिकेट र समर्थकको खुलेर प्रशंसा गरेका थिए । क्रिकेट कमेन्टेटर एन्ड्र्यू लियोनार्डले नेपाली ढाका टोपी लारालाई उपहार दिएका थिए । ढाका टोपी लगाएका लाराले दुई हात जोडेर नमस्ते भन्दै अभिवादन गरेका थिए । लाराको यो आगमन पनि निकै फलदायी रहेको क्यानका सचिव पारस खड्काले बताएका थिए । अझ उनले लारा नेपाली क्रिकेटसँग जोडिन चाहेको विषय समेत खुलाएका थिए ।

नेपालमा क्रिकेटको माहोल देखेर नेपाली क्रिकेटसँग जोडिने आधार कस्तो हुनसक्छ भनेर चासो राखेको खड्काले बताएका थिए । यदि लारा जस्ता स्टार खेलाडीको अनुभव र सिकाइ नेपाली टोलीले पाउने हो भने धेरै प्रगति गर्ने विश्वास गरिएको छ ।

लारा टेस्ट क्रिकेट सर्वाधिक चर्चित छन् । टेस्ट क्रिकेटमा एकै इनिङमा नटआउट ४ सय रन बनाउने कीर्तिमान उनीसँग छ । ५५ वर्षे लाराले ओडीआई र टेस्ट क्रिकेट दुवैमा १० हजारभन्दा बढी रन बनाएका छन् ।

यसअघि उनले गतवर्ष नेपाली क्रिकेट टोली टी-२० विश्वकपमा छनोट हुँदा बधाइ दिँदै आफू नेपाल आउन चाहेको बताएका थिए । नेपाल विश्वकपमा छनोट भएको केही समयपछि एक नेपाली क्रिकेट फ्यानसँगको ट्वीट संवादमा उनले नेपाली टोलीको प्रशंसा गरेका थिए ।

यही एनपीएलमा भारतीय चर्चित क्रिकेटर शिखर धवन त एनपीएल खेल्नै नेपाल आए । कर्णाली याक्सले उनलाई अनुबन्धन गरेर नेपाल ल्याएको थियो । एनपीएल खेल्न अन्य चर्चित खेलाडी पनि नेपाल आएका थिए । यसअघि २०७६ सालमा भारतका चर्चित क्रिकेट खेलाडी सचिन तेन्दुलकर पनि काठमाडौं आएका थिए । उनी बेक्ह्यामकै जस्तो युनिसेफको कार्यक्रममा काठमाडौं आएका थिए । त्यतिबेला उनले त्रिवि क्रिकेट मैदानमा बालबालिकासँग रमाइलो गर्दै ब्याटिङ र बलिङ गरेका थिए ।

पाकिस्तानका शाहिद अफ्रिदी २०७९ सालमा काठमाडौं आएका थिए । उनी एभरेस्ट प्रिमियर लिगमा सहभागी हुन काठमाडौं आएका थिए । महेन्द्रसिंह धोनी, ब्रेट ली, जोन्टी रोड्स, कपिल देवजस्ता विश्वका स्टार क्रिकेट लेजेन्डहरू नेपाल आइसकेका छन् ।

*(स्रोत: अनलाइनखबर)*

# मकवानपुरगढीमा १५ गतेबाट भर्ना अभियान, शिक्षक आन्दोलनलाई समर्थन



साझाकुरा संवाददाता

हेटौंडा, ११ बैशाख/ मकवानपुरगढी गाउँपालिकामा बैशाख १५ गतेबाट भर्ना अभियान सुरु गरिने भएको छ । सामूदायिक विद्यालय व्यवस्थापन समिति महासंघ मकवानपुरगढीको विहीबार बसेको बैठकले १५ गतेबाट भर्ना अभियान सुरु गरिने निर्णय गरेको छ ।

महासंघका अध्यक्ष खीलाप्रसाद चौलागाईको अध्यक्षतामा बसेको बैठकले भर्ना अभियानको मिति तोक्नुका साथै संघीय राजधानी केन्द्रीत शिक्षक आन्दोलनलाई नैतिक समर्थन पनि गरिने जनाइएको छ । चैत्र २० गतेदेखि जारी शिक्षक आन्दोलनलाई नैतिक समर्थन छ तर, आन्दोलनकार्य लामो समय भएकाले अभिभावक तथा विद्यार्थीको जनगुनासो बढ्न थालेपछि भर्ना अभियान र पठनपाठन १५ गतेबाटै हुने अध्यक्ष चौलागाईले बताए । गाउँपालिकाभित्र ३७ वटा विद्यालय सञ्चालनमा रहेको उनले बताए ।

१५ गतेसम्म पनि आन्दोलन निष्कर्षमा नपुगेमा स्वंयसेवक शिक्षकको व्यवस्थापनका लागि स्थानीय सरकारलाई अनुरोध गरिने निर्णय गरिएको महासंघका सचिव चन्द्रबहादुर योन्जनले बताए । सोही बैठक्ले जनप्रतिनिधि, कर्मचारी, शिक्षक लगायत राज्यबाट सेवा सुविधा पाइरहेका अभिभावकले अनिवार्यरुपमा आफ्ना बालबालिका सामूदायिक विद्यालयमा पठनपाठन गराउनुपर्ने निर्णय गरिएको सचिव योन्जनले बताए । बैठकमा समितिका सदस्यसहित विभिन्न विद्यालयका अध्यक्षहरुको उपस्थिति रहेको थियो ।

# 'जार'को 'ए ठूली' गीतमा सौगात र गीताञ्जलीको अव्यक्त प्रेम



काठमाडौं/भारतीय नेपाली भाषी साहित्यकार तथा आयामेली अभियन्ता इन्द्रबहादुर राईको कथामा आधारित भएर बनेको फिल्म 'जार'को 'ए ठूली' बोलको गीत सार्वजनिक गरिएको छ । यसमा 'काफ्ले' गीतकी गायिका झुमा लिम्बूको स्वर छ । उनलाई गायनमा पवन गिरीले साथ दिएका छन् । गीतमा शब्द हर्क साउदको छ भने संगीत गायिका लिम्बू स्वयंको छ । गीत लोकलयमा आधारित छ ।

गीतको भिडियोमा फिल्मका मुख्य अभिनेता सौगात मल्ल र अभिनेत्री गीताञ्जली थापा चित्रित छन् । उनीहरुबीचको अव्यक्त प्रेमलाई भिडियोमा कलात्मक रूपमा प्रस्तुत गरिएको छ । विशेषगरी सौगातप्रति गीताञ्जलीको बढी आशक्ति देखिन्छ । ग्रामीण जनजीवनको सुन्दर चित्रण भिडियोमा छ ।

यही बैशाख २६ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्मलाई फूर्वा छिरिङ लामाले निर्देशन गरेका हुन् । साहित्यकार राईको कथालाई उनी स्वयंले पटकथामा ढालेका हुन् । फिल्ममा सौगात र गीताञ्जलीसहित अनुप विक्रम शाहीको मुख्य भूमिका छ । सन् १८ सयको दशकमा नेपाली समाजमा घटेको यथार्थ घटनामा आधारित रहेर फिल्म बनेको छ ।

होप रिल्स, एलए सेभेन सर्टस, बराल स्टुडियो र किवा प्रोडक्सनको सहकार्यमा निर्माण भएको फिल्मको छायांकन भारतको सिक्किममा गरिएको हो । यसको कार्यकारी निर्माताहरुमा त्रिलोचन पाण्डे, नीरज राई, नुर्साङ भुटिया, ज्योती क्षेत्री र पेमा रिन्जिङ लेप्चा छन् । सरवानन इलावार्सुको डीओपी रहेको फिल्ममा अखिलेश राईको सम्पादन तथा झुमा लिम्बू र गंगा थापाको संगीत छ ।

# 'सारङ्गी' निर्देशकको 'कोशेढुङ्गा' भदौ १२ गते प्रदर्शनमा आउने




काठमाडौं/कीर्तिमानी फिल्म 'पूर्ण बहादुरको सारङ्गी'का निर्देशक सरोज पौडेलको नयाँ फिल्म 'कोशेढुङ्गा' आगामी भदौ १२ गतेबाट प्रदर्शनमा आउने भएको छ । बिहीबार निर्माण पक्षले फर्स्टलुक पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मितिबारे जानकारी गराएको हो । उक्त मिति हरितालिका तीजको पर्सिपल्ट अर्थात् ऋषिपञ्चमीको दिन परेको छ ।

सार्वजनिक पोस्टरमा फिल्मकी मुख्य कलाकार सुरक्षा पन्त मात्र चित्रित छिन् । पछ्यौराले टाउको ढोकेकी उनको सिउँदोमा सिन्दुर देख्न सकिन्छ । यसबाट प्रष्ट हुन्छ कि फिल्ममा उनी विवाहित महिलाको भूमिकामा छिन् । पृष्ठभूमिमा भने रातो माटो र सेतो कमेरोले लिपेको घर देखिन्छ । यसले फिल्मको कथा ग्रामीण परिवेशमा आधारित रहेको संकेत गर्छ ।

निर्देशक पौडेलले फिल्मको कथाबारे पोस्टरले केही संकेत गरेको बताए । उनी भन्छन्, 'पोस्टरले पक्कै केही कुरा संकेत गरेको छ । यसलाई अहिले यतिमै सीमित गरौं । अलि बढी कथा आउने अन्य सामाग्रीबाट खोल्दै जानेछौं ।' यसमा उनी स्वयंको लेखन छ ।

'कोशेढुङ्गा'मा सुरक्षा सहित आर्यन सिग्देल, नीति शाह, प्रवीण खतिवडा, ऋचा शर्मा, सरोज खनाल, विशाल पहाडी, लोकमणी सापकोटा, हिउँवाला गौतम, दिनेश काफ्ले, शेखर चापागाईं, सिरु विष्ट, उद्धव सापकोटा लगायतको अभिनय छ । बाबु श्रेष्ठको डीओपी रहेको फिल्ममा प्रेविल कँडेल र किशोर अनुराग निर्मातामा छन् भने कार्यकारी निर्माता दिनेश खड्का हुन् ।

*(स्रोत: फिल्मीखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# एमसीसी खारेज गर्ने इलन मस्कको तयारीपछि नेपालमा फेरि अन्योल




काठमाडौं/विकासशील देशको पूर्वाधारमा लगानी गर्ने अमेरिकी वैदेशिक सहायता निकाय मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) पनि खारेज गर्ने तयारी त्यहाँको डिपार्टमेन्ट अफ गभर्मेन्ट इफिसियन्सी (डोज)ले गरेपछि नेपालमा कार्यान्वयनमा रहेका परियोजनाबारे पुन: अन्योल देखिएको छ ।

अमेरिकाले आफ्नो वैदेशिक सहायताबारे पुनर्मूल्यांकन गरिरहेकै अवस्थामा गत मार्चमा एमसीसीले नेपाललाई पत्र लेखी केही महत्वपूर्ण खरिद तथा कार्यालय सञ्चालन सम्बन्धी आवश्यक कार्यहरू गर्न अनुमति दिएको थियो । त्यसपछि नेपालमा एमसीसीले ५५ करोड अमेरिकी डलर अनुदानमा सञ्चालन गरिरहेका कार्यक्रमले निरन्तरता पाउने अपेक्षा गरिएको थियो ।

तर, डोजले यसअघि यूएसएड बन्द गरेजस्तै एमसीसी पनि बन्द गर्न लागेको अमेरिकी मिडियाहरूले उल्लेख गरेका छन् । यस्तो अवस्थामा नेपालको कार्यक्रमले निरन्तरता पाउने नपाउनेबारे फेरि पनि अन्योल देखिएको छ ।

एमसीसीको अनुदान बन्द भएको अवस्थामा ३१५ किलोमिटर हाइभोल्टेज प्रसारण लाइन, तीनवटा सबस्टेसन तथा सडक सुधार आयोजना कसरी बनाउने भन्ने अन्योल हुनेछ । अमेरिकी मिडियाहरूबाट यस्तो खबर बाहिरिएपछि एमसीए नेपालका कर्मचारी, निर्माण व्यवसायी, कल्सल्ट्यान्टहरू चिन्तित बनेको एक सरकारी स्रोतले संचारकर्मीलाई बतायो ।

यसअघि २१ मार्चमा एमसीए नेपालले एक सूचना जारी गर्दै अमेरिकी सरकारले विदेश सहयोगको समीक्षा गरिरहेको अवस्थामा एमसीसीको नेपाल कम्प्याक्ट अन्तर्गतका केही काम पुन: सुरु गर्न अनुमति दिएकोबारे बताएको थियो । तर, यो अनुमतिको अर्थ अमेरिकी समीक्षाबाट कुनै नतिजा प्राप्त भएको भन्ने होइन भन्ने स्पष्टीकरण त्यही बेला दिइएको थियो ।

एमसीए-नेपाल अमेरिकी सरकारको वैदेशिक सहायता सम्बन्धी समीक्षाबारे अद्यावधिक विवरणको प्रतीक्षा गरिरहेको र यसबीच आफूबाट पालना हुनुपर्ने कामहरू भएको सुनिश्चित गर्न नेपाल सरकार र एमसीसीसँग समन्वय गरिरहेको पनि पनि जनाएको थियो ।

समीक्षाकै क्रममा केही महत्वपूर्ण कामहरू पुन: शुरु गर्ने अनुमति एमसीसीबाट पाँच ठूला पूर्वाधार परियोजनाले प्राप्त गरेको न्यूयोर्क टाइम्सले उल्लेख गरेको छ । त्यसमध्ये नेपाल पनि एक थियो ।

त्यसरी काम चालु राख्न अनुमति पाएका देशमध्ये आइभोरी कोष्टलाई चार महिनाभित्र र मंगोलिया, सेनेगल र नेपाललाई तीन महिनाभित्र कार्यक्रम बन्द गर्न अनुरोध गरिएको एमसीसीका केही कर्मचारीहरूले बताएका छन् । डोजले अब कसरी अघि बढ्ने भन्ने रिजोलुसन एक हप्ताभित्र तयार गर्ने र एक महिनाभित्र एमसीसी बोर्डले त्यसलाई पारित गर्ने विषयमा बुधबार भएको कर्मचारीस्तरको बैठकमा जानकारी दिइएको पनि अमेरिकी मिडियाहरूले जनाएका छन् । नेपालले सन् २०१७ मै एमसीसी कम्प्याक्टमा हस्ताक्षर गरेकोमा त्यसलाई संसदबाट पारित गर्न पाँच वर्ष लागेको थियो । 'नेपालमा २०० माइल प्रसारण लाइन र सडक पूर्वाधार बनाउने सम्झौता गरेपछि त्यसले चिनियाँ अधिकारीहरू रिसाएका थिए, नेपालको सरकारले प्रस्ताव स्वीकार गर्नुअघि देशभित्र तीव्र विवाद भएको थियो,' न्यूयोर्क टाइम्सले उल्लेख गरेको छ ।

एमसीसीको पक्षमा बहस गर्ने नेता तथा अन्य सरोकारवालालाई धेरै मानिसहरूले अमरिकी कठपुतली र राष्ट्रघाती भएको आरोप लगाएका थिए । 'ट्रम्प प्रशासनले यो परियोजनाको अनुदान रोक्दा त्यसरी विगतमा यसको समर्थन गरेका नेताहरूबीच गरिरो चिन्ता उत्पादन भएको छ । अहिले यो परियोजनाको भविष्य अनिश्चित छ,' न्यूयोर्क टाइम्सले लेखेको छ । नेपाललाई खरिद तथा कार्यालय सञ्चालनको अनुमति दिएपछि यहाँको कार्यक्रमले निरन्तरता पाउने अपेक्षा गरिएको थियो ।

चैतको पहिलो साता भारत भ्रमणमा रहेकी परराष्ट्रमन्त्री आरजु राणा देउवासँगको भेटमा अमेरिकी राष्ट्रिय सुरक्षा परिषद्का वरिष्ठ निर्देशक रिक्की गिलले पनि नेपालमा एमसीसीको कार्यक्रम निरन्तर कायम रहनेमा आशावादी रहेको बताएका थिए ।

*(स्रोत: अनलाइनखबर)*

# भाषा संस्कृति संरक्षण प्रदेश सक्रिय छ: मुख्यमन्त्री लामा

साझाकुरा संवाददाता

हेटौंडा, ११ बैशाख/ बागमती प्रदेश सरकारका मुख्यमन्त्री बहादुरसिंह लामा तामाङले भाषा, संस्कृति र परम्पराको संरक्षणमा बागमती प्रदेश सरकार सक्रिय ढंगले लागेको बताएका छन् ।

नेपाल भाषा खल: हेटौंडा नवनिर्माण हुने 'हर्ष भवन' को विहीबार हेटौंडा-१ भिन्तुनापथमा शिलान्यास गर्दै मुख्यमन्त्री लामाले नेपाल बहुभाषिक, बहुसांस्कृति र विविध परम्परायुक्त देश भएकोले यसको संरक्षण र जगेर्ना गर्नु सरकारको कर्तव्य हुने बताए । उनले बागमती प्रदेश सरकारले नेपाल भाषालाई कानुन बनाएर सरकारी कामकाजी भाषाको रुपमा प्रयोगमा ल्याएर देशमै नमूना कामको थालनी भइसकेको बताए ।

नेपाल भाषा खल:को 'हर्ष भवन' पनि बागमती प्रदेश सरकारले नेवारी कला, सँस्कृति र परम्परा झल्कने संग्रहालयसमेत हुनेगरी निर्माण गर्न लागेको जानकारी गराउँदै यसको निर्माणको सम्पूर्ण जिम्मा प्रदेश सरकारले लिने प्रतिबद्धता जनाए । 'हर्ष भवन निर्माण शुभारम्भ भएको छ, हाल




विनियोजित बजेटबाट निर्माण सम्पन्न हुँदैन, बाँकी काम सम्पन्न प्रदेश सरकारले गर्छ', मुख्यमन्त्री लामाले यसमा सबैको साथ सहयोगको आवश्यकतासमेत औंल्याए ।

पछिल्लो समय नेपालमा सरकारबाट जनताको आवश्यकता पूरा हुने काम भएन भन्ने भाष्य सिर्जना गरेर व्यवस्थामाथि नै धावा बोल्दै हिँड्ने काम भइरहेकोप्रति गम्भीर हुँदै मुख्यमन्त्री लामाले संघ, प्रदेश र स्थानीय तीनै तहको सरकारबाट जनताको आवश्यकता अनुसार विकासको कामहरु अगाडि बढिरहेको बताए ।

खल:का अध्यक्ष महेश्वर श्रेष्ठको सभाध्यक्षतामा भएको कार्यक्रममा प्रदेशसभा सदस्य एकालाल श्रेष्ठले हर्ष भवन निर्माणमा प्रदेश सरकारले बजेट आवश्यकता अनुसार विनियोजन गर्दै जाने बताए । उनले सरकारको मात्र मुख नताकेर मकवानपुरमा रहेका व्यक्ति तथा संघसंस्थाले पनि सहयोग तथा समन्वय गर्नुपर्नेमा जोड दिए ।

हेटौंडा उपमहानगर पालिका १ नं. वडा अध्यक्ष सविन न्यौपानेले भुकम्पबाट जीर्ण रहेको भवन भत्काएर नयाँ बन्न लागेकोमा खुशी व्यक्त गरे । उनले हाल प्रदेश सरकारबाट विनियोजित ३० लाख रुपियाँ बजेटबाट भवनको निर्माण सम्पन्न नहुने भन्दै थप बजेट विनियोजन गरिदिन मुख्यमन्त्री तथा प्रदेशसभा सदस्यहरुलाई आग्रह गरे ।

खल:का सल्लाहकार अशोक शाक्यले नेपाली साँस्कृति डिजाइनमा बन्ने हर्ष भवन निर्माणमा सबैको यथाशाक्य सहयोगको अपेक्षा गरे । उनले देशमा गणतन्त्र आएसंगै सबै जातजाति, भाषा, सँस्कृति र परम्पराको संरक्षण र सम्बर्द्धन भइरहेकोमा खुशी व्यक्त गर्दै आगामी दिनमा अझै बढी सरकारले यसमा ध्यान दिनुपर्ने बताए ।

नेपाल भाषा खल:को भवन निर्माण गर्न तत्कालीन अवस्थामा समाजसेवी स्व. हर्षरत्न बज्राचार्यको महत्वपूर्ण योगदानको चीरकालसम्म स्मरण रहने खल:का सल्लाहकार गणेश श्रेष्ठले बताए । यसअघिको भवन २०७२ सालको भुकम्पले क्षतिग्रस्त भएको थियो । क्षतिग्रस्त भवन हेटौंडा उपमहानगर पालिकाको सहयोगमा भत्काइएको थियो । अब बन्ने चारतले 'हर्ष भवन' पूर्णरुपमा निर्माण भएपछि भइँतला र पहिलो तला कार्यालय प्रयोजन, तेस्रो तला नेवारी सांस्कृतिक संग्रहालय र चौथो तलामा सभाकक्ष रहने संस्थाका अध्यक्ष महेश्वर श्रेष्ठले जानकारी दिए ।

कार्यक्रममा नेपाली काँग्रेसका केन्द्रीय सदस्य तथा संविधानसभा सदस्य मदन अमात्य, प्रदेशसभा सदस्यहरु रामकृष्ण चित्रकार, गोविन्द लम्साल र रामकुमार पहाडी, हेटौंडा २ नं. वडा अध्यक्ष विष्णुगोपाल महर्जन, खल:का संरक्षक तथा पूर्वअध्यक्ष अंगदप्रसाद श्रेष्ठ, नेवा: देय दबु मकवानपुरका अध्यक्ष विष्णुलाल श्रेष्ठलगायतको आतिथ्यता थियो ।

# खानेपानी र सरसफाईका लागि वाइन टु वाटरसँग सम्झौता



साझाकुरा संवाददाता

हेटौंडा, ११ बैशाख/ मकवानपुरको विकट मानिने कैलाश गाउँपालिकाले खानेपानी, सरसफाई तथा स्वच्छता क्षेत्रमा काम गर्नका लागि वाइन टु वाटर नेपाल (डब्लुडब्लुएन)सँग सम्झौता गरेको छ ।

गाउँपालिकाको कार्यालयमा गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तान र वाइन टु वाटर नेपालको राष्ट्रिय निर्देशक निजन श्रेष्ठबीच समझदारीपत्रमा हस्ताक्षर गरिएको छ । साझेदार संस्था वाइन टु वाटर नेपालसँग गाउँपालिकाले खानेपानी र सरसफाई तथा स्वच्छता सेवा नपुगेका समूदाय, विद्यालय र स्वास्थ्य संस्थामा वास परियोजना कार्यान्वयन गरिने अध्यक्ष मुक्तानले बताए ।

विपन्न, पहुँच नपुगेका, गरिब तथा उपेक्षित घरधुरीलाई आधारभूत तथा मानवअभिकारको रुपमा स्थापित स्वच्छ खानेपानी, सरसफाइ तथा स्वच्छताको पहुँचमा योगदान पुऱ्याउने लक्ष्य रहेको अध्यक्ष मुक्तानले बताए । 'तीन वर्षका लागि हामीले सम्झौता गरेका छौं, उहाँहरुले घरपरिवार, विद्यालय र स्वास्थ्य संस्थामा वास परियोजना लागू गर्नुहुनेछ' मुक्तानले भने ।

परियोजनाका लागि गाउँपालिकाले वास परियोजनाको प्राथमिककता, छनोट र कार्यान्वयनको पक्षमा सहजिकरणको भूमिका खेल्नेछ । खानेपानी परियोजनाका लागि गाउँपालिकाले कूल बजेटको न्यूनतम २५ प्रतिशत साझेदारी गर्नेछ भने यो कार्य उपभोक्ता समितिमार्फत गराउने अध्यक्ष मुक्तानले बताए । कूल बजेटमा १० प्रतिशत उपभोक्ताले साझेदारी गर्ने र ६५ प्रतिशत वाईन टु वाटरले गर्ने संस्थाका कार्यक्रम प्रवन्धक यज्ञराज जोशीले बताए ।

हाम्रो तीन वर्षको सम्झौता हो, ०८५ असार मसान्तमा सम्झौताको मिति सकिन्छ, उनले बताए । सम्झौता अघि खानेपानी तथा सरसफाइ योजनाको पूर्ण सम्भाव्यता अध्ययन प्रतिवेदन माथि छलफल गरिएको थियो । अध्ययनको क्रममा १२ वटा योजनाको सम्भाव्यता अध्ययन गरिएको संस्थाका राष्ट्रिय निर्देशक श्रेष्ठले बताए ।

आगामी आवका लागि ७ वटा योजना कार्यान्वयन गरिने गरी काम अघि बढाउने उनले बताए । समझदारी पत्रमा अध्यक्ष मुक्तान सहित प्रमुख प्रशासकीय अधिकृत अमुल श्रेष्ठ, संस्थाको तर्फबाट राष्ट्रिय निर्देशक श्रेष्ठ र कार्यक्रम प्रवन्धक यज्ञराज जोशीले हस्ताक्षर गरेका छन् । भौगोलिक विकट रहेको कैलाशमा यस परियोजनाका लागि साझेदारीमा कार्य गर्दा खानेपानी र सरसफाइको क्षेत्रमा थप टेवा पुग्ने अध्यक्ष मुक्तानले बताए ।

# १९ औं लोकतन्त्र दिवसको अवसरमा अन्तरक्रिया

साझाकुरा संवाददाता

हेटौंडा, ११ बैशाख/१९ औं लोकतन्त्र दिवसको अवसरमा गैर सरकारी संस्था महासंघको समन्वयमा बिहीबार अन्तरक्रिया गरिएको छ ।

लोकतन्त्रको सशक्तिकरणमा नागरिकसमाजको भूमिका र चूनौती विषयक अन्तरक्रिया हेटौंडा-२ बनस्खण्डीस्थित नागरिक भवनमा भएको हो । गैसस बागमती प्रदेश र जिल्लाले संयुक्त रुपमा आयोजना गरेको कार्यक्रम बागमती प्रदेश कार्यवाहक अध्यक्ष कमलकुमार विश्वकर्माको अध्यक्षतामा सम्पन्न भएको हो ।




कार्यक्रममा राजबाबु पहाडीले लोकतन्त्रका उपलब्धिहरु, वर्तमान चूनौती र नागरिकसमाजको भूमिकाका विषयमा कार्यपत्र प्रस्तूत गरेका थिए । पहाडीको कार्यपत्रमाथि रहेर वक्ताहरुले आफ्नो धारणा राखेका थिए । पछिल्लो समय लोकतन्त्रप्रति चारैतिरबाट आक्रमण भइरहकोमा वक्ताहरुले दु:ख व्यक्त गरेका छन् । लोकतन्त्रमाथि हमला हुँदा नागरिकका अधिकारहरु कुण्ठित हुनेमा सबैको एकमत रहेको थियो ।

प्रदेश सरकार तथा स्थानीय सरकारले लोकतन्त्र दिवसमा कुनै पनि कार्यक्रम नगर्नु दु:खद पक्ष भएको बताउँदै लोकतन्त्रको रक्षा तथा प्रवर्द्धनका लागि यसका पक्षधरहरु एक भएर जानुपर्नेमा उनीहरुले जोड दिएका थिए । कार्यपत्रमाथि वरिष्ठ अधिवक्ता केशवप्रसाद काफ्लेले समिक्षात्मक टिप्पणी राखेका थिए । कार्यक्रममा गैससका केन्द्रीय सचिव बुद्धशरण लामा, मानव अधिकार आयोग बागमती प्रदेशप्रमुख पवन भट्ट, पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी लगायत विभिन्न नागरिक समाज, पेशागत संगठन तथा संघसंस्थाका प्रतिनिधिको उपस्थिति रहेको थियो ।

# मकवानपुरको बकैया र कोरिया बयगुन पालिकाबीच भगिनी सम्बन्ध प्रस्ताव

साझाकुरा संवाददाता

हेटौंडा, ११ बैशाख/ पूर्वी मकवानपुरको बकैया गाउँपालिका र दक्षिणकोरियाको बुयगुन पालिकाबीच भगिनी सम्बन्ध कायम गरिने भएको छ ।

रुकोरियन कल्चर सेन्टरका प्रतिनिधि मुनयङ सुसहितको प्रतिनिधिसँग बकैया गाउँपालिकामा छलफलसहित बकैया गाउँपालिका र बुयगुन पालिकाबीच भगिनी सम्बन्ध कायम गर्न प्रस्ताव गरिएको हो । रुबकैया गाउँपालिका र बुयगुन पालिकाबीच बकैया गाउँपालिकालाई कृषि, पर्यटन, शिक्षा र प्रविधि हस्तान्तरणको क्षेत्रमा सहयोग गर्ने गरी भगिनी सम्बन्ध कायम गर्न लागिएको बकैया गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेले जानकारी दिए । कोरियन कल्चर सेन्टरका अध्यक्ष मुनयङ सुलाई भगिनी सम्बन्ध कायम गर्नका लागि सहजीकरण गरिदिन अनुरोध गर्ने निर्णयसहित बकैया गाउँपालिका अध्यक्ष लामिछानेले कोरियन कल्चर सेन्टरका प्रतिनिधिलाई अनुरोधपत्र हस्तान्तरण गरेका छन् । छलफल कार्यक्रममा गाउँपालिका उपाध्यक्ष भक्तबहादुर खत्री, किमनाम सिक, उद्योगी अरुणराज सुमार्गीलगायतको उपस्थिति रहेको थियो ।


हेटौंडा उपमहानगरपालिका
## ३ नं. वडा कार्यालय
बसामाडी, हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

## बालमैत्री वातावरण बनाऔं !

बालबालिकालाई :

- सजिलै खोलेर खान सक्ने पानीको बोतल र टिफिन बक्स दिऔं,
- विद्यालय जाँदा आउँदा छोड्ने र लिने स्थानको जानकारी गराऔं,
- खाने तरिका र अनावश्यक वस्तुहरु डस्टबिनमा फाल्न सिकाऔं,
- लगाउन र फुकाल्न सजिलो हुने लुगा एवं जुत्ता दिऔं,
- सहज शौचालयको व्यवस्था गरौं,
- अभिभावक बाहेक अन्यले लिन जाने भए विद्यालयलाई जानकारी दिऔं,
- अकस्मात केही पर्दा सम्पर्कका लागि कम्तीमा दुईवटा टेलिफोन नम्बर विद्यालयलाई उपलब्ध गराऔं,
- बालबालिकाले प्रयोग गर्ने सामानमा नाम लेख्ने गरौं ।


# सहिद तथा बेपत्ता भएकाको परिवारसँग भेट

साझाकुरा संवाददाता

हेटौंडा, ११ बैशाख/ सहिद तथा बेपत्ता भएकाको परिवारलाई नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) मकवानपुरले भेटघाट गरेको छ ।

नेपाल कम्युनिस्ट पार्टीको ७७ औं स्थापना दिवस तथा १५६ औं लेनिन जयन्तीको सन्दर्भ पारेर सहिद र बेपत्ता भएका परिवारलाई घरमै पुगेर परिवारको अवस्थाबारे जानकारी लिएको हो । मकवानपुरको बागमती-९ बेतिनीस्थित सहिद दिलबहादुर रखाल र बेपत्ता योद्धा अर्जुन रखालको परिवारसँग जिल्ला पार्टीले भेटघाट गरेको हो । सहिद र बेपत्ताका पिता भीमबहादुर रखाल र बिरामी भएकी आमा बर्तमाया र खालसँग भेटघाट गरिएको थियो ।


माओवादी केन्द्रका केन्द्रीय सदस्य कुमारी मोक्तान सहित तथा बेपत्ता परिवारलाई नियमित भेटघाट गर्ने गरेको जानकारी दिँदै उनीहरुको घाउमा मलम लगाउने प्रयास गरिरहेको बताइन् । सहिद परिवारलाई सकेको सहयोग र दिएको योगदानको सम्मान गर्ने समेत उनले उल्लेख गरिन् । सहिद परिवारको घर भत्किएर जीर्ण अवस्थामा रहेकाले पार्टीको समन्वयमा छिट्टै घर निर्माण गरिने भएको जिल्ला इन्चार्ज एवम् केन्द्रीय सदस्य विजय गौतमले जानकारी दिए ।

बर्खाअगावै समन्वय गरेर सहिद परिवारका लागि घर निर्माण गरिदिने उनले प्रतिबद्धता व्यक्त गरेका छन् । सहिद परिवार भीमबहादुर रखालले पार्टीले अप्ठेरो परेको बेला सहयोग गरिरहेको बताए । उनले पार्टीका नेता तथा यहाँका जनप्रतिनिधिले पनि सहयोग गरेकोमा धन्यवाद दिए । २०६२ वैशाख २६ गते सिराहा जिल्लाको बन्दीपुरमा नेपाली सेनासँग दोहोरो भिडन्तमा दिलबहादुर सहिद भएका थिए । द्वन्द्वको समयमा मकवानपुरबाट एक सय एक जना सहिद र १५ जना बेपत्ता भएका थिए ।

# लोकतान्त्रिक मूल्य र मान्यता गौरवको धरोहर: प्रदेशप्रमुख देवकोटा

साझाकुरा संवाददाता

हेटौंडा, ११ बैशाख/ बागमती प्रदेशका प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले संघीय लोकतान्त्रिक गणतन्त्रको उत्कृष्ट अभ्यासमा रहेको बताएका छन् ।



बैशाख ११ गते लोकत्रन्त्र दिवसको अवसरमा शुभकामना सन्देश जारी गर्दै उनले नेपाली जनताले लामो संघर्ष, बलिदान र त्यागबाट प्राप्त गरेको लोकतान्त्रिक मूल्य र मान्यता गौरवको धरोहर भएको उल्लेख गरेका छन् । 'लोकतन्त्र सार्वभौम नागरिक र नागरिकको स्वतन्त्रताको सर्वोच्चता स्थापित गर्ने दर्शनबाट अभिप्रेरित व्यवस्था हो' उनले बताएका छन् ।

लोकतन्त्रमा शासन प्रणालीलाई पारदर्शी तथा जवाफदेही बनाउने, बेथिति अन्त्य गर्ने, शुसासन कायम गर्ने, जनतामा सेवाप्रवाह अभिवृद्धि गर्ने र जनताको भरोसा जागृत गराउन सबैको प्रतिबद्धता आवश्यक भएको उनको भनाइ छ । 'सबैले लोकतान्त्रिक प्रणालीको संस्थागत विकास, मौलिकहक र मानवअधिकारको संरक्षण, सुशासन, प्रवर्द्धन र न्यायमूलक समावेशी समाज निर्माणका लागि अझ दृढ प्रतिबद्धता जनाउनु आवश्यक छ' उनले सन्देशमा उल्लेख गरेका छन् ।

प्रदेशप्रमुख देवकोटाले लोकतन्त्र शासन व्यवस्था मात्र नभई जनताको सहभागिता, समानता, पारदर्शिता र उत्तरदायित्वमा आधारित सभ्य र सहिष्णु समाजको आधार शिला भएको बताए । आफ्ना कर्तब्यप्रति निष्ठावान र अधिकार प्रति सचेत भै लोकतन्त्रलाई संस्थागत गर्दै समृद्ध देश निर्माणमा अघि बढ्नुपर्ने उनको सन्देश छ । आजको दिनले आफ्ना सैद्धान्तिक बिचार र राजनैतिक दर्शनभन्दा एककदम माथि उठेर राष्ट्रहित र आमजनताको भलाईमा लाग्न सम्पूर्ण राजनीतिक दल र नागरीक समाजलाई प्रेरणा दिने बिश्वास लिएको छु' उनले शुभकामना सन्देशमा भनेका छन् ।


## आगलागीबारे चनाखो बनौं

- खाना पकाइसकेपछि आगो, ग्याँस, चुल्हो, स्टोभ वा हिटर निभाऔं,
- सिलिन्डरको रेगुलटर, पाइप, चुल्होबाट ग्याँस चुहावट (लिक) भएको छ/छैन, ख्याल गरौं,
- पेट्रोललगायत प्रज्वलनशील पदार्थको गन्ध आए बेवास्ता नगरौं,
- सलाई, लाइटरजस्ता वस्तु बालबालिकाले भेट्टाउने ठाउँमा नराखौं,
- गोठमा कुँडो पकाइसकेपछि राम्ररी आगो निभाऔं । जथाभावी आगो नबालौं,
- चुरोट, तमाखु, चिलिम, हुक्का र सुल्फा नखाऔं,
- बिजुलीका तार, प्लग, स्वीच वा वायरिङ्गको नियमित जाँच गरौं,
- घरबस्तीनजिकै पोखरी, ट्यांकी वा अरू कुनै तरिकाले पानीको जोहो गरौं,

आगलागी भएमा स्थानीय तह, प्रहरी कार्यालय, दमकल, स्थानीय प्रशासन कार्यालयमा खबर गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड



